# लिसखु पाखर गाउँपालीका
## गाउँ कार्यपालीकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र (दररेट) पेश गर्ने सम्बन्धमा

प्रथम पटक सुचना प्रकाशित मिति : २०७८।०५।३०

१. लिसखु पाखर गाउँपालीका भित्र सबै वडाहरुमा रहेका मुख्य सडकहरु वर्षादको कारण बिग्रिन गई अवरुद्ध भएकाले उक्त सडकहरु वर्षाद कम भए पश्चात दशै अगाडी सुचारु गर्नु पर्ने भएको र मानवस्रोत प्रयोग गरि सम्पन्न गर्न व्यवहारिक नदेखिएकोले उक्त कार्य न्युनतम दररेट पेश गर्ने फर्म/व्यक्ति सँग सम्झौता गरि डोजरबाट गराउँने निर्णय भएको छ । यसका लागी तोकिएको शर्तहरुको अधिनमा रहि अपरेटर सहित डोजर (Back hoe loader) उपलब्ध गराउँन सक्ने फर्म/व्यक्तिहरुले ७ दिन भित्र (**मिति २०७८।०६।०६ गते दिनको १२:०० बजे**) यस कार्यालयमा आइपुग्ने गरि दररेट पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कामको विवरण | कामको परिणाम (घण्टा) | फारम दस्तुर, रु | धरौटी रकम,रु. | सिलबन्दी दरभाउपत्र खोलिने समय मिति र स्थान |
|---|---|---|---|---|---|
| १ | वडा नं. १-वडा नं. ४ का मुख्य सडकहरु सरसफाई गर्ने कार्य (LPRM/SQ/078/79-05) | १९० | १००० | १४,००० | २०७८।०६।०६ गते दिनको १३:०० बजे, गाउँपालिकाको कार्यालय |
| २ | वडा नं. ५-वडा नं. ७ का मुख्य सडकहरु सरसफाई गर्ने कार्य (LPRM/SQ/078/79-06) | ९५ | १००० | ७,००० | २०७८।०६।०६ गते दिनको १४:०० बजे, गाउँपालिकाको कार्यालय |

शर्तहरु :

क. सेवा प्रदान गर्ने फर्म/व्यक्ति सँग कम्तीमा दुई (२) वटा डोजर हुनुपर्ने (कम्तीमा १ वटा आफ्नो स्वामित्वको हुनुपर्ने र बाकी डोजरको हकमा तोकिएको समयावधि भित्रका लागी लिजमा लिएको सम्झौता र मेसिनको कागजपत्र समेत सम्लग्न हुनुपर्ने)

ख. कार्य क्षेत्रमा काम गरेको समयलाई मात्र Working hour रुपमा गणना गरिने छ ।

ग. सम्झौता भएको १० दिन भित्र कार्य सम्पन्न गरि सक्नुपर्नेछ ।

२. इच्छुक फर्म/व्यक्तिहरुले सिलबन्दी दरभाउपत्र जमानत बराबरको रकम यस कार्यालयको कारोबार भइरहेको लक्ष्मी बैक लिमिटेड, ठुलोपाखर, लिसखु पाखर शाखाको धरौटी खाता नं. ०८९११०००५३७ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बरावरको यस कार्यलयको नाममा जारि गरिएको विडवण्ड (bid bond) सिलबन्दी दरभाउपत्र पेश गरेको अन्तिम मितिबाट ७५ दिन पेश भएको गर्नुपर्ने छ ।

३. दुबै कार्य चाडो भन्दा चाडो सम्पन्न गर्नुपर्ने भएकाले एउटा कार्यमा प्रयोग हुने डोजर अर्को कार्यमा प्रयोग गर्न पाइने छैन ।

४. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

५. सिलबन्दी दरभाउपत्रदाताबाट सिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित मुल्य अभिबृद्धि कर बाहेक रकम उल्लेख गर्नु पर्ने छ । सो दररेटमा अड्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्ने छ ।

६. यस कार्यालयको हितलाई ध्यानमा राखी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा अंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुने छ ।

७. कुनै शर्त राखी पेश गरेको सुचनाको शर्त बिपरित भएको कार्यालयबाट उपलब्ध गराईएको सिलबन्दी दरभाउपत्र फाराममा कुनै थपघट गरिएको रित नपुगेको म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

८.यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) सार्वजनिक खरिद नियमावाली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

९. सिलबन्दी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

थप जानकारीको लागी, सम्पर्क नं. : ०११-६९१११८, ६९१११७, इमेल : lisankhupakharmun@gmail.com

प्रमुख प्रशासकिय अधिकृत